# हिरासतमा बालकको मृत्यु
# स्थलगत अध्ययन प्रतिवेदन
२०७६

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

**पृष्ठभूमि**

इलाका प्रहरी कार्यालय, बिर्तामोड झापाको हिरासतमा मेचीनगर नगरपालिका-६ का १५ वर्षीय बालक किरण कार्की ढोली दर्जीको ०७६ वैशाख १ गते भएको शंकास्पद मृत्युको घटना सञ्चार माध्यममा प्रकाशन भए । घटनाको विषयमा स्थलगत अध्ययन गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश कार्यालय विराटनगरको संयोजनमा इन्सेक प्रदेश कार्यालयका प्रलेख अधिकृत पुण्य अधिकारी, नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) नेपाल विराटनगर कार्यालयका प्रमुख वासुदेव अधिकारी, इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती, मानव अधिकार रक्षक सञ्जाल प्रदेश १ उपाध्यक्ष विष्णु खरेल, दलित अधिकारकर्मी तथा पत्रकार पर्वत पोर्तेल, अधिवक्ता तथा समता फाउण्डेशन नेपालका शोधकर्ता प्रकाश नेपाली, जनप्रतिनिधि, मेचीनगर नगरपालिका कार्यसमिति सदस्य टीकाराम मग्राती, मानव अधिकारकर्मी दीपक दास सम्मिलित मानव अधिकारकर्मीको टोलीले ०७६ वैशाख ९ गते घटनाको स्थलगत अध्ययन गर्‍यो । टोलीले पीडित पक्ष, प्रमुख जिल्ला अधिकारी, प्रहरी, प्रशासन, जनप्रतिनिधि र स्थानीयसँग भेटघाट गरी यो प्रतिवेदन तयार पारेको हो ।

**घटनाको स्थलगत अध्ययनको उद्देश्य**

- घटनाको बारेमा प्राथमिक सूचना प्राप्त गर्नु ।
- घटना स्थलगतको स्थलगत अध्ययन गरी घटना हुनुको कारण पहिचान गर्नु ।
- घटनाको विषयमा स्थानीय समुदाय, पीडित परिवार र सरोकारबाला निकायसँग छलफल गरी यथार्थ विवरण सार्वजनिक गर्नु ।
- पीडितको न्यायका लागि सहयोग गर्नु ।

**अध्ययन पद्धति**

- घटनाको सम्बन्धमा प्रारम्भिक तथ्य सङ्कलन ।
- सम्बन्धित पक्षसँग अन्तरवार्ता तथा छलफल ।

**अनुगमन टोलीको विवरण**

| | |
|---|---|
| १. पुण्य अधिकारी | प्रलेख अधिकृत, इन्सेक प्रदेश १ कार्यालय विराटनगर । |
| २. वासुदेव अधिकारी | विराटनगर कार्यालय प्रमुख, नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन) नेपाल । |
| ३. नरेश खाती | जिल्ला प्रतिनिधि, इन्सेक, झापा । |
| ४. विष्णु खरेल | उपाध्यक्ष, प्रदेश १ मानव अधिकार रक्षक सञ्जाल । |
| ५. पर्वत पोर्तेल | दलित अधिकारकर्मी तथा पत्रकार (कान्तिपुर राष्ट्रिय दैनिक) झापा । |
| ६. प्रकाश नेपाली | अधिवक्ता तथा समता फाउण्डेशन नेपाल, शोधकर्ता |
| ७. टीकाराम मग्राती | जनप्रतिनिधि, मेचीनगर नगरपालिका कार्य समिति सदस्य तथा दलित अधिकारकर्मी |
| ८. दीपक दास | मानव अधिकारकर्मी |

**घटनाको छोटो विवरण**

बिर्तामोड नगरपालिका-१ का दामोदर अधिकारी र उनको घरमा पाहुना आएकी इलाम जिल्लाकी कमला दंगालले झापा मेचीनगर नगरपालिका-६ का १५ वर्षीय किरण कार्की ढोली दर्जीले ०७५ चैत २९ गते साँझ उनीहरूको घरबाट मोबाइल र पर्स चोरी गर्न प्रयास गरेको आरोपमा कब्जामा लिई इलाका प्रहरी कार्यालय, बिर्तामोडमा बुझाए । इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी सुवास खड्काले बालकलाई हिरासतमा राखी अनुसन्धान गर्ने बताएपछि उजुरीकर्ताहरू घर फर्किए । इलाका प्रहरी कार्यालयको मुद्दा शाखाले सोही दिन स्थानीय सञ्चारकर्मीलाई १५ वर्षीय भारतीय बालक वेवारिसे अवस्थामा फेला परेको सूचना इमेलमार्फत प्रवाह गरेपछि स्थानीय सञ्चारकर्मीले बालक प्रहरी हिरासतमा रहेको जानकारी पाएका थिए । सो विषयमा सञ्चारकर्मीले जिज्ञासा राखेपछि प्रहरीले २०७६ वैशाख १ गते बालकले इलाका प्रहरी कार्यालयको हिरासतभित्र धारामा आफूले लगाएको सर्ट प्रयोग गरी झुण्डिएर आत्महत्या गरेको र वैशाख २ गते मेची अञ्चल अस्पताल भद्रपुरमा शवको पोर्ष्टमार्टम गरी पीडित परिवारलाई शव जिम्मा लगाएको जानकारी दियो । इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी सुवास खड्काले हिरासतभित्र बालकले आत्महत्या गरेको विषयमा सञ्चारकर्मीलाई जानकारी गराएपछि सो विषयमा सञ्चारकर्मी र मानव अधिकारकर्मीले छलफल गरी जिल्ला प्रहरी कार्यालय, झापाका डिएसपी




मेचीनगर नगरपालिका-६ स्थित हिरासतमा मृत्यु भएका बालकको घरमा राखिएको
श्रद्धाञ्जलि पुस्तिकासहित तस्वीर

महेन्द्रकुमार श्रेष्ठसँग आधिकारिक सूचना माग्दा डिएसपी श्रेष्ठले इलाका प्रहरी कार्यालय, बिर्तामोडले बेवारिसे भारतीय बालक गिरफ्तार गरिएको जानकारी गराएको भए पनि हिरासतमा मृत्यु भएको विषयमा कुनै जानकारी नआएको बताए । सञ्चारकर्मी र मानव अधिकारकर्मीले मेचीनगर नगरपालिकाका जनप्रतिनिधिमार्फत घटनाको विषयमा जानकारी लिएका थिए ।

यातायात मजदुर किरण कार्की ढोली दर्जी कहिलेकाहीँ मात्र घर जाने गरेका कारण उनको अवस्थाको बारेमा पीडित परिवारले कुनै जानकारी पाएन । २०७५ चैत २९ गते इलका प्रहरी कार्यालय, बिर्तामोडमा उनीविरुद्ध चोरी आरोपमा विर्तामोड नगरपालिका-१ का दामोदर अधिकारी र इलाम घर भएकी कमला दङ्गालले मोबाइल र पर्स चोरी गरेको आरोपमा सोही दिन इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दिएका थिए । प्रहरीले आरोपितलाई बालकलाई सोही दिन गिरफ्तार गरी स्थानीय सञ्चारकर्मीलाई १५ वर्षीय बेवारिसे भारतीय बालकलाई नियन्त्रणमा लिएको जानकारी गरायो । बालक नियन्त्रणमा लिएको चार दिनपछि इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी सुवास खड्काको निर्देशनमा प्रहरीको गाडी पीडित बालकको घर खोज्दै मेचीनगर नगरपालिका-६ पुगी पीडित बालकका बाबु रमेश कार्की ढोली दर्जीलाई इलाका प्रहरी कार्यालय, बिर्तामोडमा छोराको गिरफ्तारीबारेमा जानकारी दिँदै सो विषयमा 'केही सोधपुछ गर्नु छ' प्रहरी कार्यालयमा ल्यायो । प्रहरीले मृत्तक बालकका बाबु रमेश कार्की ढोली दर्जीलाई चोरी आरोपमा चैत २९ गते गिरफ्तार गरेको र बालकले ०७६ वैशाख २ गते बिहान हिरासतभित्रै आत्महत्या गरेकाले शव पोर्ष्टमार्टमका लागि मेची अञ्चल अस्पताल राखिएको बतायो । कानुनी प्रक्रियाका लागि अभिभावकको आवश्यकता पर्ने भएकाले कागजपत्रमा हस्ताक्षर लिएर प्रहरीकै गाडीमा मेची अञ्चल अस्पताल भद्रपुर पुर्याई शव जिम्मा दिएको मृतक बालकका बाबु रमेश कार्की ढोली दर्जीले अनुगमन टोलीलाई बताए । वैशाख २ गते शव बाबुलाई जिम्मा दिएर प्रहरीकै गाडीले साँझ साढे चार बजे भाइको लास र बुवालाई घरमा ल्याएर छोडिदिएर प्रहरी गएको मृतक बालककी दिदी प्रतिमा कार्की ढोली दर्जीले स्थलगत अनुगमन टोलीलाई बताइन् । प्रहरीले शवको पोर्ष्टमार्टम गर्नु अघि मेचीनगर नगरपालिका-६ का वडाध्यक्ष ललित तामाङ र वडा सदस्य लक्ष्मी तामाङसहित पीडितका बाबुको रोहबरमा आरोपितले हिरासतमा आत्महत्या गरेको र शवको पोर्ष्टमार्टम मेची अञ्चल अस्पतालमा गर्ने गरी जनप्रतिनिधिकै रोहवरमा प्रक्रिया अघि बढाएको थियो ।

स्थलगत अनुगमनका लागि पुगेको मानव अधिकार टोलीले मेचीनगर नगरपालिका-६ का वडाध्यक्ष ललित तामाङ र वडा सदस्य लक्ष्मी तामाङलाई भेट गर्यो । उनीहरूले शव बुझ्ने र पोर्ष्टमार्टम गर्ने कुनै रोहवरमा आफू नरहेको बताए । वडा सदस्य लक्ष्मी तामाङले इलाका प्रहरी कार्यालय, बिर्तामोडले आफूलाई वैशाख २ गते १० बजेपछि बोलाएको र आफू पुग्दा मृतकका बुबा रमेश कार्की ढोली दर्जी प्रहरी कार्यालयमा रहेको बताइन् । बालकले हिरासतमा आत्महत्या गरेको जानकारी प्रहरीले दिएको, घटनास्थल हेर्न र मृतकको शव देखाउन अनुरोध गरेको तर, प्रहरीले शव पीडितका बाबुलाई जिम्मा लगाउने कानूनी प्रक्रिया पूरा भएकाले शव पोर्ष्टमार्टमका लागि मेची अञ्चल अस्पताल, भद्रपुरमा राखिएको बतायो । त्यही बेला मेची अञ्चल अस्पताल जानुपर्ने भन्दै पीडितका बाबु रमेश कार्की ढोली दर्जी र उनका मिल्ने साथी सिन्दूरे खड्कालाई प्रहरीले लिएर गएको उनले बताइन् । वडाध्यक्ष ललिततामाङले आफूलाई प्रहरीले कुनै जानकारी नदिएको बरु आफैँले डिएसपी सुवास खड्कालाई घटना बारेमा फोन गरेर बुझेको बताए । प्रहरीले जनप्रतिनिधिको रोहवरमा शव पीडित परिवारलाई जिम्मा नलागएको र आफूले कुनै रोहवर पत्रमा हस्ताक्षर नगरेको बताए ।



इलाका प्रहरी कार्यालय विर्तामोडको हिरासतमा ०७६ वैशाख २ गते शंकास्पद मृत्यु भएका १५ वर्षीय बालक किरण कार्की ढोली दर्जीको परिवारलाई भेटी घटनाको बारेमा जानकारी लिँदै इन्सेकसहित मानव अधिकारकर्मी

१५ वर्षीय बालकको हिरासतमा भएको शंकास्पद मृत्युका विषयमा मानव अधिकारकर्मी र सञ्चारकर्मीले आवाज उठाएपछि ०७६ वैशाख ६ गते इलाका प्रहरी कार्यालय विर्तामोडका डिएसपी सुवास खड्का,मानव अधिकारकर्मी,दलित अधिकारकर्मी,पत्रकारहरूबीच प्रमुख जिल्ला अधिकारी जनकराज दहालको अध्यक्षतामा झापा सदरमुकाम चन्द्रगढीमा छलफल भयो । घटनाको सत्यतथ्य छानबिनका लागि एउटा छानबिन समिति बनाउने विषयमा प्रमुख जिल्ला अधिकारीले धारणा राखेपछि छानबिन समितिमा डिएसपी सुवास खड्का बस्न नहुने भन्दै अधिकारकर्मी र पत्रकारले विरोध जनाएपछि छलफल बिना निष्कर्ष टुङ्गियो । वैशाख ७ गते जिल्ला प्रशासन कार्यालय, झापाले राजनीतिक दलका प्रतिनिधिस ँग प्रमुख जिल्ला अधिकारी जनकराज दहालसहितको टोलीले घटनाका विषयमा जानकारी गराएको थियो । वैशाख ८ गते जिल्ला प्रशासन कार्यालयमा सबै पक्ष सम्मिलित वार्ता भयो । सो वार्ताले पनि कुनै निष्कर्ष निकाल्न सकेन ।

**फरक-फरक नेतृत्वमा तीन वटा छानबिन टोली**

हिरासत शंकास्पद मृत्यु भएका १५ वर्षीय बालकको परिवारले न्याय पाउनु पर्ने, पीडित परिवारले उचित क्षतिपूर्ति पाउनु पर्ने भन्दै अधिकारकर्मीले आवाज उठाएपछि सरकारी तवरबाट तीन वटा छानबिन समिति गठन भए पनि कुनैले निष्कर्ष निकाल्न सकेनन् । इलाका प्रहरी कार्यालय, बिर्तामोडले आन्तरिक छानबिन समिति गठन गरी कारबाही अघि बढाउने तयारी गरेपछि अधिकारकर्मीले त्यसको विरोध गरे । डिएसपी सुवास खड्का, मुद्दा शाखाका प्रहरी अधिकारी र एक जना प्रहरी सम्मिलित छानबिन समिति गठन गरिए पनि सो टोलीले घटनाको छानबिन गरी कुनै निष्कर्ष निकाल्न सकेन । त्यसैगरी जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी महेन्द्रकुमार श्रेष्ठ संयोजक रहने गरी अर्को तीन सदस्यीय छानबिन समिति गठन गरिए पनि सो टोलीले घटनाको विषयमा छानबिन गरी कुनै निष्कर्ष निकाले । त्यसैगरी प्रदेश १ प्रहरी कार्यालयका एसएसपी किशोरकुमार दाहालको संयोजकत्वमा अर्को छानबिन समिति गठन गरिए पनि सत्य बाहिर आएको छैन ।

**राष्ट्रिय मानव अधिकार आयोग घटनास्थलमा**

मानव अधिकारकर्मीले हिरासतमा शंकास्पद मृत्यु भएका बालकको घटना छानबिन गरी दोषीलाई कारवाही र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिनु पर्ने आवाज उठाएपछि झापाका प्रमुख जिल्ला अधिकारी जनकराज



इलाका प्रहरी कार्यालय विर्तामोडको हिरासतमा ०७६ वैशाख २ गते शंकास्पद मृत्यु भएका १५ वर्षीय बालक किरण कार्की ढोली दर्जीको घटनाको बारेमा जनप्रतिनिधिसँग जानकारी लिँदै इन्सेकसहित मानव अधिकारकर्मी

दाहालसहितको छलफलले घटनाको छानबिन राष्ट्रिय मानव अधिकार आयोग मार्फत गर्ने सहमति मानव अधिकारकर्मीसँग गर्‍यो । वैशाख ११ गते राष्ट्रिय मानव अधिकार आयोगले इलाका प्रहरी कार्यालय विर्तामोडका डिएसपी सुवास खड्का , जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी महेन्द्रकुमार श्रेष्ठ, झापाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालसँग छलफल गरेको अनुसन्धानमा खटिएका राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत चिरञ्जीवी कोइरालाले बताए । उनले घटनास्थल, पीडितपक्ष, पोर्ष्टमार्टम रिपोर्ट आदिको अध्ययन गरिएको बताए । आयोगलाई प्रहरीले उपलब्ध गराएको पोर्ष्टमार्टम रिपोर्टमा मेची अञ्चल अस्पतालका चिकित्सक शिशिर सिवाकोटीले बालकको झुण्डिएर मृत्यु भएको उल्लेख गरेका छन् । पोर्ष्टमार्टम रिपोर्टले झुण्डिएका कारण निसास्सिएर बालकको मृत्यु भएको देखाएको मानव अधिकार अधिकृत कोइरालाले बताए । उनले यसबारे पनि अनुसन्धान गर्ने बताए ।

**घटनाबारे सरोकारवालाको भनाइ**
**प्रतिमा कार्की ढोली दर्जी (दिदी)**

यातायात क्षेत्रमा मजदुरीको काम गर्ने भाइ कहिलेकाहीँ मात्र घर आउने गर्थ्यो । भाइ पछिल्लो पटक होलीमा घर आएदेखि घर आएको थिएन । २०७६ वैशाख २ गते प्रहरीले घरैमा आएर बुबालाई लिएर गएपछि मात्र भाइलाई प्रहरीले गिरफ्तार गरेको बारे थाहा भयो । प्रहरीले साढे ४ बजे भाइको लास घरमा ल्याएर छोड्यो । अनुहारमा जुत्ताको चोट, आँखाको डिल-डिलमा चोट, शरीरभर नीलडाम र सर्ट च्यातिएको अवस्था शव थियो ।

**घटनाबारे सरोकारवालाहरूको भनाइ**
**चिरञ्जीवी कोइराला (मानव अधिकार अधिकृत) राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश १ कार्यालय विराटनगर**

हिरासतमा भएको शंकास्पद मृत्युका विषयमा आयोगले गम्भीर ढङ्गले अनुसन्धान गरी प्रतिवेदन कार्यालय र केन्द्रीय कार्यालयलाई पठाएको छ । सो विषयमा केन्द्रीय कार्यालयबाट थप अनुसन्धान हुनसक्छ । १५ वर्षीय बालकलाई हिरासतमा कुटपिट वा हिरासतमा राख्नु अघि कुटपिट पनि भएको हुन सक्छ । हामीले चिकित्सकसँग पनि पोर्ष्टमार्टम रिपोर्ट हेरी अनुसन्धान गरेका छौँ । यकिन मिति भन्न नसकिए पनि आयोगले छिट्टै प्रतिवेदन सार्वजनिक गर्छ ।

**जनकराज दहाल (प्रमुख जिल्ला अधिकारी) झापा**

१५ वर्षीय बालकको हिरासतमा भएको मृत्यु, हत्या वा आत्महत्या भन्ने विषयमा पीडितपक्ष, मानव अधिकारकर्मी,पत्रकार,प्रहरी र राजनीतिक दलका प्रतिनिधिहरूसँग पटक-पटक छलफल र बहस भएको छ । अधिकारकर्मीको आग्रह र पीडित पक्ष एवम् प्रहरी र प्रशासनको संयुक्त छलफलपछिको निर्णयले घटनाका विषयमा राष्ट्रिय मानवअधिकार आयोगलाई सबै किसिमका खोज,अध्ययन र अनुसन्धानको जिम्मा दिने र आयोगको छानबिन टोलीको प्रतिवेदन अनुसार दोषीलाई कारवाही र पीडित पक्षलाई राहत दिने निर्णय गरिएको छ । आयोगलाई सबैको सहमतिमा जिम्मेवारी दिएका कारण हामी आयोगको अन्तिम प्रतिवेदनको पर्खाइमा छौँ ।

**महेन्द्रकुमार श्रेष्ठ (डिएसपी) जिल्ला प्रहरी कार्यालय, झापा**

१५ वर्षीय बालकको हिरासतमा हत्या वा आत्महया भन्ने विषयले प्रहरी प्रशासनलाई चुनौती दिएको छ । मलाई प्रहरी युनिटले दिएको सूचनाका कारण र घटनापछि गठन भएका छानबिन समितिका छलफल र बहसका आधारमा हामी आत्महत्या हो भन्ने निर्ष्कषमा पुग्या छौँ । पीडित पक्षको आग्रह र मानव अधिकारकर्मीको सहमतिमा सबै छानबिन राष्ट्रिय मानवअधिकार आयोगलाई दिइएको छ । मानवअधिकार आयोगबाट दुई जना मानवअधिकार अधिकृतले प्रहरी, प्रशासन, पीडित पक्ष, स्थानीय, राजनीतिक दल, चिकित्सक लगायतसँग भेट्ने र अनुसन्धान गर्ने क्रममा हामीले समन्वय गरेका थियौँ । अब आयोगको प्रतिवेदन अनुसार प्रहरी दोषी देखिए कारबाही गर्नेछौँ ।

**सुवास खड्का (डिएसपी) इलाका प्रहरी कार्यालय, बिर्तामोड**

चोरी आरोपमा हामीकहाँ बालकलाई चैत २९ गते बुझाइएको हो । सुरूमा बालकले हामीलाई कहिले विराटनगर, कहिले धरान,कहिले दमक र कहिले काङ्डभिट्टा भन्ने गरेकाले हामीले आफ्नो तरिकाबाट बालकको ठेगनाा भारत भएको भन्ने बुझ्यौँ । त्यही सूचना सुरूमा हामीले सञ्चारकर्मीलाई दिएका हौँ । वैशाख २ गते बालकले बाथरुममा आँफै पासो लागि आत्महत्या गरेपछि हामीले जनप्रतिनिधिलाई सम्पर्क गरी बालकको ठेगाना मेचीनगर नगरपालिका-६ भएको पत्ता लगायौँ । बालकको ठेगाना पत्ता लाग्ने बित्तिकै पीडित परिवार र जनप्रतिनिधिलाई साक्षी राखी घटनाको विवरणसहित लास मुचुल्का तयार गरी शवको पोष्टमार्टम गरेका हौँ । अधिकारकर्मीहरुले हत्या हो भनेर जिकिर गरेपछि सो विषयमा पटक-पटक सरोकारवालाहरुबीच प्रहरीले र मैले स्वयम् छलफल गरेको छु, सबै सरोकारवालाहरूबीच भएको छलफलले घटनाका विषयमा प्रहरीको छानबिन टोलीले नभई मानव अधिकार आयोगको टोलीलाई जिम्मा दिने निर्णय भएपश्चात राष्ट्रिय मानव अधिकार आयोग विराटनगर कार्यालयले पठाएको दुई जना अधिकृतको टोलीले वैशाख ११ गतेदेखि अनुसन्धान र छानबिन गरेको छ । आयोगको टोलीले दुई दिन लगाएर छानबिन गरी फर्किएको छ । आयोगको प्रतिवेदन अनुसार गल्ती भए सजाय भोग्न नेपाल प्रहरी तयार छ । बाहिर फैलिएको अफवाह जस्तो भने होइन, बालकको मृत्यु आत्महत्याकै कारया भएको हो ।

**ललित तामाङ (वडाध्यक्ष) मेचीनगर नगरपालिका-६**

प्रहरीले भने जस्तो हामी लासको मुचुल्का तयार र लास बुझ्ने रोहवरका बेला थिएनौँ । मलाई त इलाका प्रहरी कार्यालय बिर्तामोडबाट कुनै पनि किसिमको खबर आएको थिएन । उल्टो मैले जिल्ला प्रहरी कार्यालयका डिएसपी महेन्द्रकुमार श्रेष्ठसँग डिएसपी सुवास खड्काको नम्बर मागी फोन गरी म इलाका प्रहरी कार्यालय बिर्तामोड गएको हुँ । पीडित पक्षले पनि मलाई केही खबर गरेन, मैले बालकका बाबुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा शव बुझी दस्तखत गरिसकेको अवस्थामा भेटेको हुँ । शंकास्पद घटना भएकाले हामीले शंका गर्ने प्रशस्तै ठाउँ पायौँ । राष्ट्रिय मानव अधिकार आयोगलाई सबै जिम्मा लगाएकाले हामी आयोगको प्रतिवेदन प्रतीक्षामा छौँ ।

**लक्ष्मी तामाङ (वडा सदस्य) मेचीनगर नगरपालिका-६**

घटनाका विषयमा मैले पीडितका परिवारबाट जानकारी पाएँ । म प्रहरी चौकी पुग्दा बालकका बाबु रमेश कार्की ढोली दर्जीले छोराको शव बुझिसक्नु भएको थियो । मैले लास हेरौँ कुन अवस्थामा आत्महत्या गरेछ भन्दा प्रहरीले शव मेची अञ्चल अस्पतालमा पुर्‍याएको बतायो । मैले रमेश दाइलाई प्रहरीको गाडीमा नचढ्नु, हामी आफैँ अरूहरूसहित जानु पर्छ भन्दा उहाँ मेरो कुरा नसुनी प्रहरीको गाडीमा बस्नु भयो । त्यसपछि म घर फर्किएँ । पछि प्रहरीले शव ल्याएर घरमा छोडेपछि साँझ अन्त्येष्टी गर्‍यौँ । प्रहरीले हाम्रो रोहवरमा लास प्रकृति मुचुल्का गरेको बारेमा थाहा भएन ।

**विष्णु खरेल (उपाध्यक्ष) मानव अधिकार रक्षक सञ्जाल प्रदेश १,**

हिरासतमा १५ वर्षीय बालकको मृत्यु शंकास्पद र रहस्यमयी छ । प्रहरी आफैँले बालकको ठेगाना भारत भन्नु र पछि हामी आफैँले मेचीनगर नगरपालिका-६ भन्ने पत्ता लगायौँ भन्नुले प्रहरीमाथि शंका उब्जाएको छ । जनप्रतिनिधिको रोहवरमा घटना प्रकृति मुचुल्का तयार पारिएको प्रहरीको भनाइ तर जनप्रतिनिधि कुनै रोहवरमा नबसेको बताउँदै आएका छन् । यसले प्रहरीको शैलीमा शंकाको सुई घुमाएको छ । सुरूमा प्रहरीले हामी मानव अधिकारकर्मीलाई पेलेर जान खोजेको पनि हो । निरन्तरको खबरदारी र पत्रपत्रिकाका आएको समाचारले प्रहरी घटनाका विषयमा छानबिन गर्न तयार भयो । अन्तिम समयमा राष्ट्रिय मानव अधिकार आयोगले छानबिन गरी

सत्यतथ्य सार्वजनिक गर्ने प्रतिवद्धता जनाएपछि हामी अधिकारकर्मीलाई केही आशा पलाएको छ । मानव अधिकारलाई राज्यले उपेक्षा गर्न नहुनेमा प्रहरी प्रशासनबाट त्यस्तै शंकास्पद कार्य हुनु दुःखद् कुरा हो ।

**पर्वत पोर्तेल, कान्तिपुर राष्ट्रिय दैनिक, झापा**

यो घटनाले प्रहरीमाथि नै कसरी विश्वास गर्ने भन्ने बनाएको छ । मैले हिरासतमा मृत्यु नभई हत्या भएको विषयमा हुन सक्ने विषयमा सोधपुछ गर्दा र पीडित पक्षको भनाइ राखी समाचार प्रकाशन गर्दा प्रहरी प्रशासन,राजनीतिक दलले समाचार प्रकाशन नगर्न समेत दबाब दिए । राष्ट्रिय मानव अधिकार आयोगलाई सत्यतथ्य छानबिन गर्ने जिम्मा दिइए पनि दुई महिना बितिसक्दा समेत कुनै प्रतिवेदन नआउनुले पीडितले न्याय पाउने मुद्दा कमजोर बने जस्तो लाग्छ ।

**निष्कर्ष**

१५ वर्षीय बालक किरण कार्की डोली दर्जीको शंकास्पद मृत्युका विषयमा विभिन्न कोणबाट हिरासतमा हत्या भएको देखिए पनि पीडित पक्षले न्यायका लागि आफू सधैं मानसिक तनावमा नपर्ने, मुद्दा मामिलामा नअल्झने र स्वतन्त्रतापूर्वक जीवन निर्वाह गर्ने बताएपछि घटनाको न्यायिक अन्त्य हुन सकेको छैन । प्रहरीले घटनाको सत्यतथ्य नदिएको र छानबिन प्रतिवेदन सार्वजनिक नभएकाले अझै पनि घटना बारे

**सुझाव**

१. बाल अधिकारको संवेदनशीलतालाई बुझी प्रहरी प्रशासनले तत्काल पीडित परिवारलाई खबर दिनुपर्ने ।
२. प्रहरी प्रशासनले बाल अधिकारको संवेदनशीलतालाई बुझी आफ्नो तालुक निकाय, प्रमुख जिल्ला अधिकारी, मानव अधिकारकर्मी, सञ्चारकर्मीलाई बाल अधिकारका मुद्दामा यथेष्ट र यकिन जानकारी दिनुपर्ने ।
३. पीडित पक्षलाई न्याय दिलाउन स्थानीय सरकार, प्रहरी प्रशासन, राष्ट्रिय मानव अधिकार आयोग गम्भीर हुनुपर्ने ।
४. प्रहरी हिरासतमा हुने यस्ता घटनामा संलग्नलाई कारबाहीको दायरमा ल्याउनुपर्ने ।
५. भविष्यमा यस्ता घटना नदोहोउिन भनी सतर्कता अपनाउनुपर्ने ।

❍❍❍